# तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(स्वीकृत मितिः २०७९/०६/२६)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. ०१/२०७९/०८० (तहवृद्धि/तहमिलान) सूचना प्रकाशन मितिः २०७९/०६/२६

गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए वमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिम पछिल्ला आर्थिक वर्षको कार्य सम्पन्न मूल्याङ्कनमा तोकिएको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उप-समूह भित्रको पदमा तह वृद्धि साथै सोही अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भई स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ९ र दफा २८ बमोजिमको योग्यता पूरा गरेका तथा दफा ३२ वमोजिमको नकारात्मक सूचिमा नपरेका, तहवृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले मंगला गाउँपालिकाको वेवसाइट www.mangalamun.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी देहाय बमोजिमका कागजात संलग्न गरी मंगला गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट दुई प्रति प्रमाणित गराई मिति २०७९/०७/०१ गते सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु</u>

१) तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि (२ प्रति)।

२) समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशस्थित स्थानीय तहमा समायोजन भएको समायोजनपत्रको प्रमणित प्रतिलपि (२ प्रति) ।

३) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले गरेको स्वघोषणा ।

............................

प्रमुख प्रशासकीय अधिकृत